म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १२० आइतबार २४ मंसिर २०८० ने. सं. ११४४ कछलागा 10 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दुर्घटनामा एकजनाको मृत्यु

हेटौंडा, २३ मंसिर/मकवानपुरको थाहा नगरपालिका-९ चितलाङस्थित भित्री सडक खण्डमा शनिबार यात्रुबाहक बस र मोटर साइकल ठक्कर खाँदा एकजनाको मृत्यु भएको छ । काठमाडौंबाट चितलाङतर्फ जाँदै गरेको बा ४ ख ८७७३ नम्बरको यात्रुबस र बिपरित दिसाबाट आउँदै गरेको बा ६५ प ४१७३ नम्बरको मोटर साइकल एकआपसमा ठक्कर खाइ दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मोटरसाइकलका चालक थाहा नगरपालिका-१० का ३० वर्षीय मनोज गमाल गम्भीर घाइते भइ उपचारका लागि काठमाडौंस्थित ट्रमा सेन्टर लगिएको थियो । उपचारका क्रममा साँझ गमालको मृत्यु भएको चिकित्सकले बताएका छन् । मोटरसाइकलको पछाडि सवार ४८ वर्षीय शम्भु गमालको काठमाडौंस्थित मनमोहन मेमोरियल अस्पतालमा उपचार भइरहेको प्रहरीले बताएको छे । पालुङस्थित इलाका प्रहरीले बस चालकलाई नियन्त्रणमा लिएको छ ।

### दुर्व्यसनीले निम्त्याएको घटना

# करोड माग्दै भतिजाले हाने ठूलो बुवाको घरमा गोली, तीनजना पक्राउ

निशा गुरुङ

हेटौंडा, २३ मंसिर/ भारतसँग सीमा जोडिएका तराईका जिल्लामा दिनदहाडै गोलीप्रहारका थुप्रै घटना भइरहेका छन् ।

भारतसँगको खुल्ला सीमानाका कारण जोखिममा रहेका तराईका जिल्लामा गोलीप्रहारका घटनाले त्यहाँको मानवीय सुरक्षा जटिल रहेको छ । केही समयअघि मकवानपुरकै छिमेकी जिल्ला बारामा एक स्कूलका प्रधानाध्यापक माथि भारतीय सुटरले गोली हानेर हत्या गरेका थिए । त्यसअघि रौतहटमा गोलीप्रहारको घटना भएको थियो । विगतका घटनालाई नियाल्दा असुरक्षित रहेका तराईका जिल्लासँगै मकवानपुरमा पनि गोली प्रहारका घटना देखिन थालेका छन् ।

भारतीय सीमावर्ती बजार रक्सौलबाट नजिकै भएकाले लागूऔषध कारोबार र सेवनको दलदलमा फसेको सहर हो, हेटौंडा । हेटौंडामा दैनिक लागूऔषधका घटना भइरहेको प्रहरी तथ्यांकले नै देखाउँछ । लागूऔषध दुर्व्यसनकै असरले हेटौंडामा पहिलोपटक गोलीप्रहारको घटना पनि भएको छ । गोलीप्रहारको घटनाले कुनै मावनीय क्षति नभए पनि त्यसको जड दुर्व्यसनीसँग जोडिएको छ । विगतमा दुर्व्यसनमा फसेका एक युवकले आफ्नै ठूलोबुवाको घरमा पाँच राउण्ड गोली प्रहार गर्न लगाएर १ करोड रुपैयाँ फिरौती मागेका छन् ।

हेटौंडा उपमहानगर पालिका-९, स्थित बाक्लो बस्तीभित्र रहेको एक घरमाथि आफ्नै परिवारभित्रका भतिजाको योजनामा गोलीप्रहार भएको खुलेको हो । सूर्यप्रसाद पौडेलको घरमा १९ मंसिर रातको समयमा गोलीप्रहार भएको थियो । आफ्ना भतिजले ठूलोबुवाको घरमा एक करोड रुपैयाँ फिरौती माग्ने योजना बुन्दै पाँच राउण्ड गोली घरको भित्तामा प्रहार गरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । उनीहरुलाई प्रहरीले शनिवार पत्रकार सम्मेलन गर्दै सार्वजनिक गरेको छ ।




प्रहरीले गोलीप्रहार गरेको आरोपमा हेटौंडा-९ का ३३ वर्षीय निश्चल पौडेल, ३५ वर्षीय गणेश घले र ३० वर्षीय प्रितम क्षेत्री । सूर्यप्रसाद पक्राउ परेका निश्चल पौडेलका सहोदर ठूलोबुबा हुन् । घटनाको मुख्य योजनाकार को आरोपित पौडेलले छिमेकमा विवाहको मौका पारेर ठूलोबुवाको घरमा गोलीप्रहार गर्न लगाएको प्रहरीले जनाएको छ । एकै ठाउँका ३ जनाले एक करोड रुपैयाँ फिरौती माग्ने योजनाअनुसार घरको भित्तामा गोली चलाएको मकवानपुरका प्रहरी प्रमुख प्रहरीउपरीक्षक सीताराम रिजालले बताए । उनीहरुले चलाएको गोलीबाट मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ ।

एक करोड रुपैयाँ माग्न तर्साउने हिसाबले गोली हानेको पाइएको छ । एसपी रिजालका अनुसार गोली हानेपछि सूर्यप्रसादलाई 'एक खोका' भन्दै हिन्दी भाषामा एक करोड रुपैयाँ फिरौती मागिएको थियो । 'स्थानीयले सुरुमा विवाह भएकाले पटाका पड्काएको भन्ठानेको पाइयो । पछि पैसा मागेपछि अनुसन्धान गर्दै जाँदा घरमा गोली हानिएको भेटियो । घरमा सरसफाई गर्ने क्रममा गोलीको खोका भेटिएपछि प्रहरीलाई खबर आएको थियो ।', एसपी रिजालले भने । 'घरको भित्तामा पाँच गोली लागेको निशान छ । पहिला गोली हानेर पछि हिन्दी भाषामा पैसा मगिएको थियो ।',

'गोली हानेको संकेतमात्र हो, एक खोका पैसा भएन भने जे पनि हुन सक्छ भनेर आरोपितहरुले फोनबाट धम्की दिएका थिए ।', एसपी रिजालले भने । अनुसन्धानमा आफैं खटिएका एसपी रिजालले आरोपितहरुले हेटौंडा बजारमा कोठा लिएको बताए । कोठामा छापामार्दा योजनाकार निश्चलको साथबाट स्वचालित पेस्तोलसहित २० थान गोली बरामद गरेको जानकारी दिएको छ । आरोपितहरुले हेटौंडा-४ मा कोठा लिएर लागूऔषधको समेतको कारोबार गर्ने गरेको प्रहरीले जनाएको छ । भतिज निश्चल दुर्व्यसनीमा फसेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

घटनास्थल वरपरको सीसी क्यामेराको फुटेजको आधारमा उनीहरुलाई पहिचान गरी हेटौंडा उपमहानगरपालिका-१० बाट तीनै जनालाई पक्राउ गरिएको थियो । आरोपित युवाहरु ठेक्कापट्टादेखि लागुऔषध कारोबारमा समेत संलग्न रहेको एसपी रिजालले बताए । प्रहरीले पहेंलो रंगको कपडाको आधारमा आरोपितलाई पक्राउ गर्न सफल भएको थियो । 'कोठामा खानतलासी गर्दा गोलीप्रहार गर्ने बेलामा लगाएको पहेंलो कपडा भेटियो । यसकै आधारमा आरोपित निक्यौल गर्न सहज भएको थियो ।', रिजालले भने ।

प्रहरीले तीन आरोपितको साथबाट २ वटा मोटरसाइकल, २ ग्राम चारसय मिलिग्राम खैरो हिरोइन, लागूऔषध तौल गर्ने दुई थान तराजु, ५ थान मोबाइल र ५० हजार रुपैयाँ बरामद गरेको छ । पक्राउ परेका तीन जनालाई प्रहरीले ज्यान मार्ने उद्योग, लागूऔषध कारोबार र हात हतियारसम्बन्धी मुद्दा चलाउने एसपी रिजालले जानकारी दिएका छन् ।

# बस्तीबाट निकुञ्ज सार्न जनप्रतिनिधिलाई स्थानीयको माग

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१२, १३ र १४ का स्थानीयले पर्सा राष्ट्रिय निकुञ्जको मध्यवती क्षेत्र सार्न माग गरेका छन् । शनिवार मध्वर्ती क्षेत्र व्यवस्थापनमा देखिएका विद्यमान समस्या समाधानका उपायहरु विषयक सरोकारवालासँग अन्तरक्रिया कार्यक्रममा बोल्दै स्थानीयले बस्तीबाट मध्यवर्ती सार्न जनप्रतिनिधिलाई दबाव दिएका हुन् ।

स्थानीयले जग्गा नापजाँच गर्न पाउनुपर्ने, काठदाउरा, ढुंगा, गिट्टीबालुवा सहज तरिकारले पाउनुपर्ने, दोहोरो कर नलिन र बन्यजन्तुबाट बचाउन मध्यवर्ती क्षेत्र सीमाना सार्न माग गरेका थिए । जग्गा नापजाँच गर्न पाउनुपर्ने र लालपुर्जा दिलाउने प्रक्रिया नै रोक्न खोज्ने पर्सा राष्ट्रिय निकुञ्जलाई ऐनकानुन ठूलो कि जनताको माग ठूलो ? भन्दै उनीहरुले चेतावनी दिएका थिए । स्थानीयले सरोकार वालालाई बोलाएर आफ्नो मागप्रति प्रतिबद्धता जनाउन दबाबसमेत दिएका छन् ।

संघीय सांसद दीपक बहादुर सिंह, महेशकुमार बर्तौला, प्रदेश सांसद एकालाल श्रेष्ठ, प्रेमबहादुर पुलामी 'छिन्तु' , संविधान सभा सदस्य राजाराम स्याङ्तान, हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँ, हेटौंडा-१३ का वडाअध्यक्ष पेम्बा लामा, हेटौंडा-१४ का वडाअध्यक्ष दिपक खड्का सहितलाई साक्षी राखेर 'भोट'को रुपमा मात्र हेटौंडाबासीलाई नलिन उनीहरुले चेतावनी दिएका हुन् ।

यसरी जनस्तरबाट प्रश्न उठिरहँदा राष्ट्रिय भूमि आयोगका अध्यक्ष विष्णुप्रसाद दाहाल, निकुञ्जका प्रमुख संरक्षण अधिकृत (वार्डेन) लगायत कार्यक्रममा सहभागी थिए । कार्यक्रममा स्थानीयका तर्फबाट राजेश नगरकोटीले वफरजोन एरियालाई हटाउन या नियमन गर्न माग राखे । उनले



पञ्चायतकालदेखिको नियम हालसम्म लागू गरेर स्थानीयमाथी अन्याय गरेको आरोप लगाए ।

त्यसैगरी हेटौंडा-१२ का स्थानीय वासुदेव कंडेलले संघीय सांसद, प्रदेश सांसद तथा स्थानीय सरकारलाई छुट्टाछुट्टै प्रश्न राखेका थिए । 'तपाईंहरु सबैले समाधान समाधान भनेको छ तर, कसैले पनि समाधान गर्न सकेको छैन । अब कस्ले समाधान गर्छ ? यसको जवाफ मैले खोजेको छु,' उनले भने, 'यसको रिमोट कस्को हातमा छ ? नेपालीको हातमा छ की विदेशीको ?'

स्थानीय नन्दकिशोर नेपालीले ढुंगा,गिट्टीबालुवाको कर निकुञ्ज र राज्यलाई समेत दाहोरो कर तिर्दा समस्यामा परेको बताए । कार्यक्रममा सांसद सिंहले मानव-वन्यजन्तुको द्वन्द्व समस्याको समाधान गर्न सरकारसँग पटकपटक माग गरेको बताए । मध्यवर्ती क्षेत्रमा पर्ने मकवानपुरका केही स्थानीय तहका वडाका समस्या समाधानका लागि ऐन नै संशोधन गर्नुपर्ने अवस्था रहेको र त्यो समस्या समाधानका लागि सहजीकरण गर्ने प्रतिबद्धता जनाए । सांसद सिंहले ठुलाठुला दलहरुले मिशन २०८४ लिएर हिडिरहेको अवस्थामा आफूले हेटौंडाको जनताको मध्यवर्ती क्षेत्रको समस्या २०८१ मै समाधान गर्ने प्रतिवद्धता व्यक्त गरे ।

त्यसैगरी, सांसद बर्तौलाले आफूले देशभरिका मध्यवर्ती क्षेत्रको समस्या हल गर्नका लागि प्रधामनत्रीदेखि वन तथा वातावरण मन्त्रीलाई समेत आग्रह गरेको बताए । 'म तपाईंहरुले भनेजस्तो कानमा तेल हालेर बसेको छैन', उनले भने, 'सम्मानित सदनमा यहाँको समस्या जस्ताको तस्तै उठाइरहेको छु ।' उनले वार्डेनलाईसमेत जंगलबाट बन्यजन्तु आएर बस्ती पसेर मान्छे मार्दा निकुञ्ज प्रशासन समेत मौन बसेको आरोप लगाए ।

ट्याक्टर खोलामा पुग्दा नियन्त्रण गर्न आउने प्रशासन बाघ, भालु र हात्ति आएर मान्छे मार्दा निकुञ्ले किन नियन्त्रण गर्न नसकेको ? भन्दै सांसद बर्तौलाले प्रश्न गरे । उनले मानवलाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताए । स्थानीयलाई मध्यवर्ती क्षेत्रमा पर्ने समस्या समाधानका लागि आफूले प्रतिनिधि सभामा संशोधन प्रस्ताव हालेको समेत बर्तौलाले जानकारी दिए ।

प्रदेश सांसद पुलामीले जनस्तरबाट कुरा उठ्न अझै ढिला भएको टिप्पणी गरे । 'मध्यवर्ती क्षेत्रभित्रका बासिन्दाको जग्गा नापी नहुने भन्ने कुरा बाहिर आएपछि तपाईंहरु तात्तिनु भएको हो', उनले भने, 'तपाईंहरु यसरी तात्तिएपछि हामीलाई पनि काम गर्न सजिलो भएको छ, हामी पनि ऐन संशोधनका लागि घचघच्याउने तहमा अब पुग्छौं ।'

# चौथो मनहरी अध्यक्ष कप फुटबलको तयारी पूरा




साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ मनहरी गाउँपालिका चौथो अध्यक्ष कप फुटबल प्रतियोगिता-२०८० को तयारी पूरा भएको छ । खेलकुद विकास समिति मनहरीको आयोजनामा मंसिर ३० गतेबाट सुरु हुने प्रतियोगिताको खेल तालिका सार्वजनिक, मैदान मर्मत, आन्तरिक व्यवस्थापनलगायत सम्पूर्ण तयारी पूरा भएको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

प्रतियोगितामा गाउँ पालिकाका नौवटा वडाको सहभागिता रहनेछ । नकाउट आधारमा सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद एकलाख र उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्ने आयोजक समिति संयोजक विरु लामाले जानकारी दिए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार रुपैयाँ प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्डलाई जनही ५/५ हजार रुपैयाँ प्राप्त गर्ने समिति सदस्य कविन दर्लामीले बताए । प्रतियोगिताको उद्घाटनमा मनहरी गाउँपालिकाबाट जुनियर राष्ट्रिय टोलीमा समावेश दुईजना फुटबलरलाई सम्मानित गरिनेछ ।

प्रतियोगितामा करिब आठलाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । गाउँपालिकाले प्रतियोगिताका लागि ७ लाख रुपैयाँ विनियोजन गरेको छ । पत्रकार सम्मेलनमा पालिका अध्यक्ष रञ्जन कालाखेतीले खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ वर्षेनी प्रतियोगिता सञ्चालन गरिने बताए । उनले विभिन्न खेलहरुमा योजनाबद्ध तवर बाट पालिकाले लगानी गरिरहेको र क्रमश: त्यसबाट नतीजा निस्कन थालेको बताए ।

# राक्सिराङका २० युवालाई सीपमूलक तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ मकवानपुरको राक्सिराङ गाउँ पालिकाका युवा लक्षित सीपमूलक तालिम सुरु भएको छ । नारीसीप सृजनाकेन्द्र हेटौंडाको सुरक्षित स्थानागमन प्रवर्द्धन परियोजनाअन्तर गत सिटिइभिटीको पाठ्यक्रममा आधारित ३९० घण्टा (६५ दिन) को ४ वटा विधामा २० जना युवालाई सीपमूलक तालिम दिन सुरु गरिएको हो ।

केन्द्रको आयोजनामा हेटौंडा-४ मा रहेको हाम्रो प्रशिक्षण तालिम केन्द्रमा सहभागीलाई आवासीय सुविधा सहित तालिम प्रदान गर्न लागिएको हो । शुक्रबार एक कार्यक्रमबीच हाम्रो प्रशिक्षण तालिम केन्द्रमा तालिमको उद्घाटन गरिएको हो । केन्द्रले राक्सिराङका ७ वटा वडाका २० जना युवालाई आवासीय सुविधासहित कुक, मोवाइल मर्मत, सैलुन, अटो मोवाइल रिपेयरिङ तालिम दिने भएको हो । जस अनुसार अटो मोवाइल इन्जिनियरिङमा ४, कुकमा १२, मोवाइल मर्मतमा २ र सैलुनमा २ जना युवा सहभागी छन् ।

राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जीविकोपार्जनका लागि युवालाई प्रोत्साहन गर्ने उद्देश्यले सीप सिकेर आफ्नै ठाउँमा केही गर्नका लागि




सहयोग पुग्ने बताए । राक्सिराङले वैदेशिक रोजगारीमा जाने युवालाई छुट्टै शाखा विस्तार गर्ने योजना बनाएको उनले बताए । युवाको सीप र वैदेशिक रोजगारमा गएकाहरुको तथ्यांक समावेश गर्ने तथा आवश्यकता अनुसार तालिम संचालन र अन्य समन्यात्मक काम गर्ने उनको भनाई छ ।

'तालिम समयसापेक्ष तालिम छ । जीवन निर्वाह र आर्थिक संमृद्धिका लागि फलदायी छ । युवालाई लक्षित गरेर सीप सिकाउने र वेदेशिक रोजगारीमा जाने युवाको तथ्यांक राख्न छुट्टै शाखा गठन गर्ने गाउँपालिकाले तयारी गरेको छ ।' अध्यक्ष मल्लले भने, 'दु:खमा परेपछि मात्र पालिकालाई जानकारी हुन्छ । यो समस्या समाधानका लागि पालिकाले वैदेशिक रोजगारी तथा तालिम शाखा गठन गरेको हो ।

पालिकाले सीप र वैदेशिक रोजगारीमा गएर समस्यामा परेका युवाको सहजताका लागि सम्बन्धित निकायसँग कानुनी समस्या फुकाउन छलफल भएको मल्लले बताएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मारमा किसान

हेटौंडा दुग्ध वितरण आयोजनालगायत निजी क्षेत्रका डेरी उद्योगले साताको दुईदिन किसानको दूध खरिद नगर्दा मकवानपुरका किसान यतिबेला 'मिल्क होलिडे' को मारमा परेका छन् । डेरी उद्योगको अघोषित मिल्क होलिडेका काररण बैंक तथा बित्तीय संस्थासँग ऋण लिएर पशुपालन व्यवसाय गर्ने किसान मर्कामा परेका छन् । साताको दुईदिन 'मिल्क होलिडे' भएपछि दुग्ध उत्पादक कृषकहरु समस्यामा परेका हुन् । दूध बिक्री नभएपछि मकवानपुरगढी गाउँपालिकाका कृषकले उत्पादन गरेको दूध पुन गाई, भैंसीलाई खुवाउने र बाँकी रहेको फाल्नु पर्ने बाध्यता सिर्जना भएको बताइएको छ । केही डेरी उद्योगले साताको दुईदिन दूध खरिद नगर्नुका साथै दूधको रकम पनि भुक्तानी दिएका छैनन् । यसले गर्दा किसानको समस्या 'गलगाँडमाथि पिलो' भनेझैं भएको छ । मिल्क होलिडेका कारण भएको दूध बिक्री गर्न पाएका छैनन् । बिक्री गरेको दूध पनि उधारोमा गएपछि किसानले दाना, ढुटो चोकर किन्न नसक्ने अवस्थामा पुगेका छन् । दूध बिक्रीबाट पशुबस्तुको उपचार, दानापानी गर्ने, बैंकको किस्ता, ब्याज तिर्ने र बचेको पैसाबाट घरगृहस्ती चलाउने किसानको पीडा कसले बुझिदिने ? केही डेरी उद्योगले भारतीय बजारबाट सस्तोमा दूध आयात पनि गरिरहेका छन् । खुला सीमानाका कारण भारतीय बजारको दूध नेपालका डेरी उद्योगमा सहजै आइपुग्ने गरेको छ ।

मकवानपुरमा रहेका निजी र सरकारी स्वामित्वको संस्थानले कार्तिक मसान्तसम्म कृषकलाई ३० करोड रुपैयाँभन्दा बढी भुक्तानी गर्न बाँकी रहेको जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड मकवानपुरले जानकारी दिएको छ । दुग्ध विकास संस्थान, हेटौंडा दुग्ध वितरण आयोजनालाई दैनिक ७ हजार लिटर दूध खरिद गर्दै आएको थियो । संस्थानले पनि लामो समयदेखि आफूहरुसँग बटर स्टक छ, पाउडर स्टक छ र यो विक्री नगरेसम्म हामीले भुक्तानी गर्न सकेनौं भनिरहेको छ । मकवानपुरमै एउटा खुशीको कुरा थियो 'डक चिट' भनेर अमेरिका निर्यात हुने बाहिरी मुलुकमा जाने पदार्थ उत्पादन हुन्थ्यो त्यहाँ पनि स्टक त्यसैगरी बस्यो । त्यसरी नै सबै उद्योगमा स्टक बसेपछि भुक्तानी बाँकी रहन पुग्यो । मकवानपुरका १३ वटा उद्योगलाई दूध विक्री गर्दा २० हजार लिटर पनि खपत नहुने गरेको बताइएको छ । जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले दैनिक दुध संकलन गर्दा ४० देखि ५० हजार लिटर दुध दिनमा संकलन हुने गरेको र एकदिन बन्द एकदिन खुल्ला गर्ने बित्तिकै ६० हजार लिटर संकलन पुग्ने गरेको छ । विगतमा किसानहरु 'मिल्क होलिडे' को मारमा परेपनि यसपटक भने उधारो कारोबारको रकमसहितको मारमा परेका छन् । मकवानपुरका किसानको ३० करोड रुपैयाँ भुक्तानी हुन नसक्दा किसानको आर्थिक संकट चुलिँदै गएको छ ।

उद्योगले मिल्क होलिडे गर्नुका साथै खरिद गरेको दूधको समयमै भुक्तानी नगर्दा किसानलाई झन् धेरै समस्या भएको छ । साताको दुईदिन मिल्क होलिडे हुँदा महिनामा ३ करोड रुपैयाँको दूध खेर जाने गरेको किसानको भनाई छ । हेटौंडा दुग्ध वितरण आयोजनालगायत निजी क्षेत्रका उद्योगले नियमितरुपमा दूध संकलन गर्न छोडेर सातामा पाँच दिनमात्र दूध संकलन गर्नु भनेर जिल्ला दुग्ध उत्पादन सहकारी संस्था लिमिटेडमार्फत सूचना गरेकाले कृषकहरु समस्यामा परेका हुन् । सहकारीले साताको दुईदिन दूध संकलन नगर्दा दैनिकरुपमा दुईसय लिटरसम्म दूध बिक्री गर्दै आएका किसान थप समस्यामा परेका छन् । जिल्ला दुग्ध उत्पादक सहकारी संस्थाले ६१ वटा दुग्ध सहकारीमार्फत दैनिक ५० हजार लिटर दूध खरिद गरेर बिक्री गर्दै आएको छ । तीमध्ये अहिले १५ हजार लिटर दूध हेटौंडामा खपत भइरहेको छ भने २० हजार लिटर दूध ललितपुर, भक्तपुर र काभ्रेमा पठाउने गरिएको छ । संकलन गरिएका दैनिक १५ हजार लिटर दूध खपत हुन सकेको छैन । जसका कारण संस्थाले साताको पाँच दिनमात्र दूध संकलन गर्ने गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर २५ गते सोमबार, ११ डिसेम्बर २०२३ । चतुर्दशी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:४५, सूर्यास्त ५:०८ । बालाचतुर्दशी । अन्तर्राष्ट्रिय पर्वत दिवस । शतबीज रोपण । बालाचढ्ने पूजा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रोकिएका काम सम्पादन हुनेछन् | तुला | : मन प्रसन्न रहनेछ |
| वृष | : पठन-पाठनमा प्रगति हुनेछ | वृश्चिक | : विरोधी परास्त हुनेछन् |
| मिथुन | : सभा-समारोहमा अवसर मिल्नेछ | धनु | : व्यापारमा लाभ हुनसक्नेछ |
| कर्कट | : आत्मविश्वासमा कमी आउनेछ | मकर | : काममा सफलता मिल्नेछ |
| सिंह | : व्यापारमा हानि हुन सक्नेछ | कुम्भ | : अधुरा कामहरु पूरा हुनेछ |
| कन्या | : समाजमा सराहना हुनेछ | मीन | : स्वास्थ्यको समस्या आउनेछ |

# विपत् र जोखिम न्यूनीकरण कसरी गर्ने ?



✍ ज्ञानेन्द्र विवश



आपत-विपत् अचानक हुन्छ । भवितव्य भन्ने कुरा कसैलाई थाहा हुँदैन । कहिले के हुन्छ ? कुन बेला कस्तो घटना घट्छ ? अप्रत्याशितको दुर्घटनाले जनधनको क्षति गराउँछ । यसलाई कसैले रोकेर रोक्न सकिँदैन । कसैले नआइज भनेर नआउने र आइज भनेर आउने होइन यो विपत् । जहाँ पनि जहिले पनि आपत्-विपत्को सम्भावना रहिरहेको हुन्छ ।

दैवी विपत्तिका घटनाले कतिको ज्यान जान्छ । कतिको जीवन-संसार नै शून्य हुन्छ । रुवाबासी, शोक र सुर्ताले बाँच्नेहरूको जीवन पनि अत्यन्तै पीडादायी हुन्छ । खासगरी हामीले भूकम्प, आगलागी, सवारी दुर्घटनाजस्ता विपत्तिकै सामना गर्दै आइरहेका छौं । यद्यपि यी सबै घटना हाम्रै कारणले घटित भइरहेका हुन्छन् भन्ने कुरालाई हामीले अब भने राम्रैसँग मनन-महसुस गर्नुपर्ने समय भइसकेको छ ।

भनौं न भूकम्पले घर भत्किँदा अपूरणीय मानवीय क्षति व्यहोर्नुपर्छ । तर यस्तो क्षति भूकम्पले भन्दा पनि हामीले बनाएको घर भत्केर जीवनले मृत्युवरणको अवस्था भोग्नुपर्छ ।

केही महिनादेखि पश्चिम नेपालका जाजरकोट, रुकुममा भूकम्पले ज्यान गुमाउनेको कारण खोतल्दा आफैंले बनाएको घरले किचिएर, थिचिएर, पिल्सिएर मृत्यु भएका छन् । विपत्का यस्तै अचानक घट्ने घटनाले हाम्रो जीवन झन्-झन् जोखिममा पर्दै गइरहेको छ । भूकम्पका साथै घरमा आफ्नै असावधानीले विद्युत्, ग्यासको प्रयोगले जनजीवन जोखिमपूर्ण बनिरहेको छ ।

प्रत्येक क्षण, हरेक पल, हाम्रा पाइला-पाइलामा मृत्युले पछ्याइरहेको हुन्छ । कालगतिले भन्दा पनि हिजोआज अकालमा जीवनले मरणको शरण लिइरहेको छ । यस्तो डरलाग्दो परिस्थितिको सामना गर्दै हामी बाँचिरहेका छौं । अनेकौं तनाव, दु:ख, पीडा, अभावका हैरानी छँदै छन् । यी सबैबाट मुक्त, उन्मुक्त जीवन बाँच्न कोही कसैले सक्दैन । पैसाले आपत-विपत् रोक्दैन । शक्ति, पद, धन, मन, जनसागरले कसैले पनि विपत्लाई खेलाँची ठानेर जिउज्यान जिउँदो रहिरहन सक्दैन ।

सावधानी अपनाउन सक्दा छायाजस्तै पछ्याउँदै आएको मृत्युलाई परास्त गर्न सकिन्छ । अप्रत्याशित हुने घटनालाई न्यूनीकरण गर्न सकिन्छ । होसले काम गर्छ । बेहोसीले बर्बाद र बिगार गर्छ । हरेक क्षण, हरेक क्षेत्रमा जोखिम छ तर जोखिमसँग जोरी खोज्नु हुँदैन रहेछ ।

त्यसैले अब विपत्का घटनाको जोखिमलाई न्यूनीकरण गर्नु तथा जोखिम व्यवस्थापनमा गम्भीर हुनु अति आवश्यक भइसकेको छ । यिनै कुरालाई मनन गरी सरकारले विभिन्न ऐन-नियम, नियमावली, समिति आदि गठन गरेको सन्दर्भ यहाँ स्मरणीय हुन्छ । यस्ता घटनाको उद्धार कार्यमा सेना, प्रहरी, रेडक्रस, विभिन्न समुदाय, विविध समितिका पदाधिकारीसहित स्थानीय तहले महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेका छन् ।

यसै सन्दर्भमा गत साता काठमाडौं महानगरपालिका, विपत् व्यवस्थापन विभागले विपत् जोखिम न्यूनीकरणका लागि तीनदिने (मङ्सिर १५-१७ गते) तालिम कार्यक्रम चितवन र पोखरा आयोजना गरेको थियो । कार्यक्रममा 'सहरीकरणसँगै बढेका विद्युत्जन्य दुर्घटना नेपालका लागि चुनौती र न्यूनीकरण' विषयमा अमृत साइन्स कलेजका प्राध्यापक डा. श्रीराम शर्माको प्रस्तुतिले चसक्क चस्का दियो ।

उनका अनुसार, प्रकोपका अनेक प्रकार छन् – प्राकृतिक, जैविक, प्राविधिक र अन्य । यीमध्ये ८० प्रतिशत घटना विद्युत्जन्य कारणले हुन्छ । १२ प्रतिशत ग्यासका कारण दुर्घटना घट्छ । बाँकी आठ प्रतिशत अन्य विविध कारणले विपत् आइपर्छ ।

सामान्य कुराले पनि ठुलो दुर्घटना निम्त्याउन कुनै कसर बाँकी राख्दैन । शर्माका अनुसार, हाम्रो सानो गल्ती वा असावधानीका कारण विद्युत्जन्य दुर्घटना घरभित्रै हुन सक्छन् । जस्तो : विद्युत्का पुराना तथा जीर्ण सामग्रीको प्रयोग गर्नु, विद्युतीय उपकरणका प्लगहरूलाई अर्थिङ नगर्नु, विद्युतीय प्लग आदिका नजिकमा ज्वलनशील पदार्थलाई भण्डारण गर्नु, मल्टिप्लगको अनुचित प्रयोग वा दुरुपयोग गर्नु, कमसल गुणस्तरका तार वा उपकरणको प्रयोग गर्नु आदि ।

विद्युतीय गडबडीका अदृश्य तर खतरनाक गम्भीर परिणामहरू घट्छन्, घटिरहेका छन् । विद्युत्बिनाको संसार कल्पनै गर्न सकिँदैन तर यही विद्युत् प्रयोगको असावधानीले अप्रत्याशित मृत्यु समेत भोग्नुपर्ने हुन्छ ।

'भूकम्पीय जोखिम न्यूनीकरण' विषयमा डा. गोपीकृष्ण बस्यालले प्रस्तुति दिएका थिए । उनका अनुसार, कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक सबै घटनालाई विपत् सम्झिनुपर्छ । यस्तै, विपत् व्यवस्थापन वा विपत् न्यूनीकरण भन्नाले विपत् जोखिम न्यूनीकरण, विपत् प्रतिकार्य, विपत् पुनर्लाभसँग सम्बन्धित क्रियाकलापलाई सम्झनुपर्छ ।

कार्यक्रममा विज्ञ स्रोत व्यक्तिहरूको प्रस्तुति निकै ज्ञानवर्धक रह्यो । महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले सुरुमा आफू तीनवटा आपतकालीन विपत्तिबाट बाँच्न सफल भएको अनुभव सुनाए । विपत्तिबाट कहिले अञ्जानले पनि बच्न सकिने र कहिले जानेको कुराको उपयोगले पनि बाँच्न सकिने उदाहरण उल्लेख गरे ।

काठमाडौंमा ठुलो भूकम्प आयो भने अधिकांश घरहरू ध्वस्त हुने, पानीका स्रोत बन्द हुने, बाटोघाटो केही नहुने, सञ्चार सुविधा ठप्प हुने, मान्छेलाई बस्ने ठाउँ नहुने, खानेकुराको अभाव हुने, खुला ठाउँ नरहने आदि अत्यन्तै संवेदनशील सम्भावनाको सङ्केत समेत उनले गरे । उनका अनुसार, सुरक्षित रहन सक्ने पूर्वतयारी हामीले केही गर्न नसक्ने होइन । तर यसका लागि अहिल्यैबाट सचेतना अभियान थालनी गरिनुपर्छ ।

महानगरपालिकाले आफ्ना ३२ वटै वडाहरूमा 'वडा विपत् व्यवस्थापन समिति' गठन गरेको छ । सो समितिलाई वडामा हुने विपत् व्यवस्थापन, विपत् जोखिम न्यूनीकरण कम गर्ने जिम्मेवारी छ । तर उचित वातावरण निर्माण हुन सकिरहेको छैन । मूलत: यस कार्यमा जनप्रतिनिधि, स्थानीय संघसंस्था, समुदाय र समितिका सबै सदस्यका लागि कुनै पनि किसिमका विपत् जोखिम न्यूनीकरणका विषयमा विशेष जानकारी हुनु अति जरुरी छ ।

वास्तवमा सिकाइ भन्ने कुरा जहाँ, जहिले र जोबाट पनि सिक्न सकिन्छ । सिकेर कहिल्यै सकिँदैन । आफ्ना आवश्यकतासँगै जिज्ञासासँग जोडिएको विषय सिक्ने क्रम बाल्यकालदेखि जीवनपर्यन्त नै रहिरहन्छ । अझ जीवनकै सुरक्षाका निम्ति, बाँच्ने र बचाउने उपायको सिकाइमा सरिक हुने चाहना पनि सबैको हुन्छ । आफूले सिकेको कुराबाट आफूलगायत अर्को एकजना व्यक्तिलाई मात्रै पनि बचाउन सकियो भने त्यो सिकाइको सफलता रहन्छ । त्यो ठुलो कर्म, धर्म बन्छ ।

तथ्याङ्कले जनाएअनुसार विश्वको तीन चौथाइ जनसंख्याले अनपेक्षित प्राकृतिक विपत् व्यहोर्दै आएको छ । मानिस बसोबास गर्ने पृथ्वीको एक चौथाइ जमिन अनेक किसिमका विपत्को जोखिममा छ । त्यसमा पनि गरिब देश र त्यस देशमा बसोबास गर्ने गरिब समुदाय नै प्रकोपबाट सबैभन्दा बढी प्रभावित हुन्छन् ।

भनिन्छ, विश्वका अति प्रकोप जोखिम देशहरूमध्ये नेपाल एक हो । गरिब देशका विपन्न समुदाय विपत्बाट अत्यधिक प्रभावित छन् । विपत्सँग सामना गर्ने उनीहरूको क्षमता न्यून छ । प्रकोपको विध्वंसले २०७२ को भूकम्पमा हामी नै खुला आकाशमुनि रात बिताउन विवश भयौं ।

(साभार: रातोपाटी)

# लैङ्गिक हिंसामा महिला हिंसाको त्यो परिदृश्य



✍ सन्जु पौडेल

लैङ्गिक हिंसाविरुद्धको १६ दिने विश्वव्यापी अभियान-२०८० को अवसर पारी मैले यो लेख लेखेका छु । जुन अभियानको अवधि हरेक वर्षको नोभेम्बर २५ देखि १० डिसेम्बरसम्म रहेको छ । 'घर शान्ति नै विश्व शान्तिको आधार: दिगो विकासका लागि लैङ्गिक हिंसारहित समाज' भन्ने नाराका साथ मङ्सिर १० गतेबाट देशभर लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको शुरुवात महिलाविरूद्धको हिंसा अन्त्यका लागि सन् १९९१ मा सेन्टरफोर ओमन्स ग्लोवल लिडरसिपको सहयोगमा विभिन्न २३ देशका उत्साहित महिला अधिकारकर्मी समूहले गरेको थियो ।

महिला हिंसा भन्नाले सामान्यतया महिलामाथि हुने अनेक प्रकारका हिंसालाई बुझिन्छ । महिला हिंसा विश्वव्यापी रूपमा गम्भीर र व्यापक समस्या हो । यो शारीरिक, यौनजन्य, भावनात्मक र आर्थिक दुर्व्यवहारसहित विभिन्न रुपहरुमा प्रकट हुन सक्छ ।

महिलाविरुद्ध र महिला भएकै कारणले हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् । महिलाविरुद्धको हिंसा सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्याउँछ । यसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारी रुपमा महिलाको स्वतन्त्रतामा बन्देज गर्ने कार्यसमेत पर्छ । यति भन्दै गर्दा महिला हिंसाको सुरुवात कसरी भयो भन्ने कुरा बुझ्न जरूरी छ ।

नोभेम्बर-२५ लाई महिलामाथि हुने हिंसाविरुद्धको दिवसका रुपमा मनाउनुका पछाडि यसको छुट्टै इतिहास छ । गणराज्यको एकै परिवारको ३ दिदी बहिनीहरुको हत्यासँग जोडिएको छ । मिरावल परिवारमा जन्मेका ३ दिदी-बहिनीहरु राजनीतिक कार्यकर्ता थिए । तानाशाही सरकारले सन् १९६० मा उनीहरुको निर्मम हत्या गरेको थियो ।

सन् १९२४ मा पेटिया १९२७ मा मिनर्भा र १९३५ माभिरीयाको जन्म भएको थियो । यी तिनै जना दिदी-बहिनी आफ्ना मुलकमा शिक्षित र सचेत महिलाको रुपमा परिचित थिए । अन्याय नसहने स्वभावका ती दिदी-बहिनी तत्कालीन जुत्रिलो तानाशाही सरकारको विरुद्धमा थिए । यिनीहरुको विवाह पनि राजनीतिक व्यक्तिहरुसँग भएको थियो । तर यिनीहरु आफ्नो पतिभन्दा पनि बढी चर्चामा थिए । तत्कालीन सरकारले तिनै दिदी-बहिनी र उनको परिवारलाई राज्यद्रोहको आरोप लगाएको थियो ।

उनीहरु पटक-पटक जेल परिरहेका थिए । जेलमा पाउने यातना खेप्दाखेप्दै पनि यी दिदी-बहिनीहरुले तानाशाही सरकारको विरोध गर्न छाडेनन् । यसै क्रममा सन् १९६० नोभेम्बर २५ मा गरिएको हत्यासँग जोडिएको छ ।

त्यसैले यसलाई ल्याटिन अमेरिकी देशमा महिला हिंसाविरुद्धको दिवसको रुपमा मनाउन थालिएको हो । यसरी यी तीन दिदी-बहिनीहरुको हत्यालाई महिलाविरुद्धको हिंसाका रुपमा लिई महिला अधिकारकर्मीहरु उनीहरुको सम्झनामा अनेक कार्यक्रम आयोजना गर्दै मनाउने परम्पराको सुरुवात गरिएको हो ।

ल्याटिन अमेरिकी देशमा महिला हिंसाविरुद्धको हिंसाको रुपमा लिई महिलावादीहरुद्वारा उनीहरूको सम्झनामा विभिन्न कार्यक्रम आयोजना गर्दै मनाउने परम्पराको सुरुवात गरिएको हो । पछि, सन् १९९९ मा संयुक्त राष्ट्रसंघद्वारा यसलाई आत्मसात् गरी नोभेम्बर २५ को दिनलाई संसारभर नै महिलाविरूद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवसको रुपमा स्थापित गरियो ।

साथै सन् १९९१ मा नै क्यानाडाका युवाहरुले सेतो रिबन बाँधेर यो दिवस "म हिंसा सहन्न, आफू पनि गर्दिन, र देखेमा प्रतिकार गर्छु" भनी सेतो रिबन अभियान संचालन गरेका थिए । उक्त समयदेखि सेतो रिबनलाई लैङ्गिक हिंसाविरुद्ध प्रतिवद्धताको प्रतीकका रुपमा प्रयोग गर्दै आएको पाईन्छ ।

मिरावल परिवारका तीन दिदी बहिनीको सामूहिक हत्याले उनीहरुका सर्मथक अनुयायीहरु चूप लागेर बस्न सकेनन् । 'शोकलाई शक्तिमा बदल्ने प्रण' गर्दै आन्दोलनलाई सशक्त बनाए । हत्यापश्चात् त्रिजिलो सरकारको अन्त्य भई डोमेनिकन स्वतन्त्र गणराज्य बन्यो । यी दिदी-बहिनीको सामूहिक रुपमा गरिएको हत्यालाई महिलाविरुद्धको हिंसाका रुपमा लिइयो । यिनै दिदी-बहिनीका सम्झनामा दिवस मनाउन थालिएको हो । मुलुकभरि नै उनीहरुको योगदानको चर्चा भयो । यिनै दिदी बहिनीको सम्झनामा धेरै पुस्तकहरु लेखिए । डोमेनिकन जनताले यो हत्यालाई लिगका आधारमा महिलाविरुद्ध गरिएका राजनीतिक हिंसाका रुपमा लिई नोभेम्बर २५ लाई महिलाविरुद्ध हिंसा दिवसको रुपमा मनाउने सुरुवात गरियो ।

विस्तारै यसको प्रवाह अन्य देशहरुमा पनि पर्न गयो र अरु देशले पनि यस दिनलाई महिला हिंसाविरुद्धको दिवसका रुपमा मनाउन थाले । डोमेनिकन सरकारसहित ७४ देशहरुले उक्त दिनलाई महिला हिंसाविरुद्ध अन्तर्राष्ट्रिय दिवसको रुपमा मनाउन संयुक्त राष्ट्र संघमा प्रस्ताव राखे ।

सन् १९९९ डिसेम्बर १७ का दिन संयुक्त राष्ट्रसंघको महासभाले उक्त प्रस्ताव सर्वसम्मत् पारित गरीयो । तत्पश्चात् उक्त दिवसले अन्तर्राष्ट्रिय मान्यता पायो । सन् २००० देखि २५ नोभेम्बरलाई महिला हिंसाविरुद्ध अन्तराष्ट्रिय दिवसका रुपमा संसारभरि मनाउन थालियो ।

लिखित इतिहास नियाल्दा नेपालमा महिलाविरुद्ध हुने हिंसाका सम्बन्धमा आवाज उठाउने प्रथम: महिला योगमाया न्यौपाने हुन् । वि.स. १९२५ मा नेपालको पूर्वी पहाडको भोजपुरमा जन्मेकी उनले तत्कालीन नेपालको समाजमा महिलामाथि हुने गरेका अन्याय, अत्याचार र कुसंस्कारविरुद्धमा सामाजिक परिर्वतन र महिला अधिकार स्थापनाका लागि सशक्त रुपमा आवाज उठाएकी थिइन । उनले समाजमा रहेका पितृसत्तात्मक सोच, सामाजिक मूल्य-मान्यता, शोषण, जातीय विभेद र चरम लैगिंक विभेदविरुद्ध अभियान संचालन गरेकी थिइन ।

संयुक्त राष्ट्रसंघ सन् १९४८ मा पारित मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले महिलाको विशेष अधिकारहरुको व्यवस्था गरेको छ । संयुक्त महासभाले १६ डिसेम्बर सन् १९८९ मा पारित महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि सिड) र सन १९९५ मा चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ घोषणापत्र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदले पारित गरेको प्रस्तावना प्रभावकारी कार्यान्वयनका अभावमा महिलाविरुद्धको हिंसाले समाजमा जरो गाडिरहेको छ ।

पुरुषवादी सोच व्यवहार र मान्यता हिंसाप्रतिको मौनता यतिबेलासम्म पनि तोड्न सकिएको छैन । महिलाविरुद्ध हिंसा महिलाको मात्र नभई सबैको समस्या हो । महिला हिंसाले महिलालाई मात्र नभई व्यक्ति परिवार र सिंगो समाजको विकास र उन्नतिमा समेत अवरोध श्रृजना गरेको छ । महिलाविरुद्धको हिंसा मुख्यत: लैंगिक भिन्नताका कारणले हुन्छ । अधिकांश महिलाहरु पुरुषबाट पीडित हुन्छन् । नेपालमा विद्यमान सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक संस्कारका कारण महिलाले विभिन्न खालका हिंसा विद्यमान छन् ।

जस्तै, घरेलु हिंसा, शारीरिक हिंसा, मानसिक हिंसा, भावनात्मक हिंसा, आर्थिक हिंसालगायत यौन दुर्व्यव्हार तथा कुप्रथाहरु वादी, झुमा, बोक्सी आदि हिंसाहरुबाट पीडित हुनु परेको अवस्था छ । यसरी महिलाविरुद्ध हुने यस्ता हिंसा देशव्यापी रुपमा जगडिएर रहेका छन् ।

सन्धि-महासन्धि र नीतिहरुको प्रभावकारी कार्यान्वयनको अभावका कारण महिलाविरुद्ध हुने हिंसाले आज पनि विश्वव्यापी रुपमा जरा गाडेको छ । विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक संरचनामा महिलाहरुलाई पछाडि पारिएको छ ।

नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म महिला हिंसाविरुद्ध अन्तर्राष्ट्रिय दिवसलाई एक दिनमा मात्र सीमित नराखी १६ दिनसम्म विभिन्न अभियानका साथ मनाउने गरेको पाइन्छ । १६ दिने अभियानअर्न्तगत पनि विभिन्न दिवसहरू पर्छन् ।

यी दिनहरूमा पर्ने दिवसहरु जस्तै नोभेम्बर २५ महिला हिंसाविरुद्ध अन्तर्राष्ट्रिय दिवस, नोभेम्बर २९ महिला मानवअधिकार रक्षकहरुको अन्तर्राष्ट्रिय दिवस, डिसेम्वर १, विश्व एड्स दिवस डिसेम्बर ३, विश्व अपाङ्गता दिवस, डिसेम्बर ५ विश्व स्वयंसेवक दिवस, डिसेम्बर ६ महिला शहिदहरुको सम्मान दिवस, डिसेम्बर ७ अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस, डिसेम्बर ९ भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस, डिसेम्बर १० अन्तर्राष्ट्रिय मानव अधिकार दिवस पर्छन् । क्यानाडाको मन्टियलमा मानव अधिकारको आवाज उठाउँदा त्यहाँको सरकारले १४ जना अधिकारकर्मी महिला मारिएको सम्झनामा यो अभियानलाई १६ दिने अभियानको रुपमा मनाउँदै आएको हो ।

यसरी अन्तर्राष्ट्रिय रुपमा महिला हिंसाविरुद्ध आवाज उठाइरहँदा पनि संसारमा हरेक तीनजनामध्ये एकजना महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा भोग्छन् । यस्तो हिंसामा संलग्न पीडक महिलाले चिनेको, माया गर्ने र विश्वास गर्ने व्यक्ति हुने गर्छन् । हरेक दिन महिलाले व्यक्तिगतदेखि सार्वजनिक क्षेत्रमा कुनै न कुनै प्रकारको हिंसाको सामना गरिरहनुपरेको स्थिति छ ।

महिलाविरुद्धको हिंसा संरचनागत विभेदको परिणाम हो । यस विभेदको अन्त्यका लागि राज्यका हरेक संरचनामा रहेको पितृसत्तात्मक सोच र मूल्य-मान्यताको अन्त्य जरुरी छ । लैङ्गिक समानता, महिलाको आफ्नो शरीरमाथिको निर्णय र गतिशिलताको अधिकार सुनिश्चित नभएसम्म महिलाहरू स्वतन्त्र र मर्यादित जीवन यापन गर्न पाउने अधिकारबाट वञ्चित हुन्छन् ।

यसर्थ, नेपालको संविधान, नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताहरु पूर्ण पालना गर्दै, महिला भएकै कारणले भोग्नुपर्ने विभेद तथा हिंसाको अन्त्य गर्ने वातावरण तयार गर्नुपर्ने जरुरी छ ।

(साभार: बाह्रखरी)

# मनाडेलाई मन्त्री बनाउन माधव नेपालको मरिहत्ते



पोखरा/नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफ्ना प्रदेशसभा सदस्य दीपक मनाङेलाई मन्त्री बनाउन आलटाल गरेको भन्दै गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको आलोचना गरेका छन् ।

शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'यहाँ मुख्यमन्त्रीजीले आलटाल गर्दै हुनुहुन्छ, मैले उहाँलाई अस्ति पनि भनिसकें, आलटाल नगर्नुस् ।'

सत्ता गठबन्धनको शीर्ष तहमा सातवटै प्रदेश सरकारमा आफ्नो पार्टीको सहभागिता हुने सहमति रहेको भन्दै उनले गण्डकीमा मात्र सहमति पालना नभएको भन्दै असन्तुष्टि जनाए ।

तर गण्डकीमा मुख्यमन्त्री पाण्डे एकीकृत समाजवादीलाई सरकारमा ल्याउन चाहँदैनन्, कारण हो उक्त पार्टीका एक मात्र प्रदेशसभा सदस्य दीपक मनाङेको विवादास्पद पृष्ठभूमि ।

गत वर्ष मंसिरमा भएको प्रदेशसभा निर्वाचनमा मनाङे मनाङबाट स्वतन्त्र हैसियतमा निर्विरोध निर्वाचित भएका थिए । तर चुनाव जितेको १५ दिन नबित्दै १९ मंसिरमा एकीकृत समाजवादी प्रवेश गरेका थिए ।

गण्डकी प्रदेशमा अघिल्लो कार्यकालदेखि नै चर्चामा रहेका मनाङे ३ पटक मन्त्रीसमेत बनिसकेका छन्, एमालेका पृथ्वीसुब्बा गुरुङ मुख्यमन्त्री हुँदा २ पटक र कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री हुँदा एक पटक ।

गण्डकीमा जसको सरकार बन्छ उतै जाने योजनामा रहेका मनाङेले सुरुमा एमाले, माओवादी र राप्रपाको सरकार बनाउन खगराज अधिकारीलाई समर्थन दिए । मन्त्री बन्ने योजना सहित एमालेको २२, माओवादीका ७ (सभामुखबाहेक) राप्रपाको २ र मनाङेसहित ३२ मत खगराजको पक्षमा बन्यो । तर, खगराजले मनाङेलाई मन्त्री नबनाउने भएपछि विश्वासको मत दिनै गएनन् ।

तर बीचैमा सत्ता गठबन्धन फेरबदल भएर कांग्रेसका सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री बनेपछि मनाङेलाई सरकारमा सहभागी गराउने विषयमा उनले मुख खोलेनन् ।

६० सदस्यीय प्रदेश सभामा उनको सरकारलाई बहुमत पुऱ्याउन दीपक मनाङेको सहयोग जरुरी पनि थिएन । किनकी कांग्रेसको २७, माओवादी केन्द्रको ७ प्रदेशसभा सदस्य छन् । तैपनि केन्द्रको सत्ता गठबन्धनको प्रमुख घटक भएका कारण एकीकृत समाजवादीका मनाङेलाई मन्त्री बनाउनुपर्ने दबाबमा मुख्यमन्त्री थिए ।

२९ वैशाखमा मन्त्रि परिषद बिस्तार गर्दा अन्तिमसम्मै मनाङेलाई मन्त्री बनाउनुपर्ने दबाब झेलेका उनले कांग्रेसकै जीतप्रकाश आलेलाई मन्त्री बनाउँदै धेरैलाई चकित पारे ।

मनाङेले आफूलाई मन्त्री नबनाइ सुखै नहुने र गठबन्धन मिलाउन पनि अध्यक्ष माधवकुमार नेपालले नै मन्त्री बनाउने दाबी गरेका थिए । मुख्यमन्त्री पाण्डेले मन्त्री नबनाएपछि एकीकृत समाजवादीले गण्डकीमा सहमतिको पालना नभएको बताएको थियो । तर, पार्टी नेतृत्वले यसबारे मुख खोलेको थिएन । शनिबार भने पोखरामै आएर अध्यक्ष माधव नेपालले मनाङेलाई मन्त्री बनाउनैपर्ने अभिव्यक्ति दिए ।

मन्त्रिपरिषद गठन हुने बेला एकीकृत समाजवादीबाट प्रदेशसभा सदस्य बाहिरकै व्यक्ति भए पनि मन्त्री बनाउने चर्चा थियो । किनकी मनाङेलाई मन्त्री बनाउन मुख्यमन्त्री पाण्डे सुरुदेखि नै सकारात्मक थिएनन् ।

शनिबार अध्यक्ष नेपालले मनाङे आफ्नै पार्टीमा रहेको र उनलाई मन्त्री बनाउने जिम्मेवारी आफूहरुको भएकोस मेत नेपालले बताए । एकीकृत समाजवादीका नेताहरु भने गठबन्धनको मर्मअनुसार मनाङेलाई मन्त्री बनाउनुपर्ने भए पनि मुख्यमन्त्रीलाई बाध्यता भने नभएको बताउँछन् ।

'यसै पनि आयोगमा प्रतिनिधित्व छँदै छ । उहाँ (मनाङे) पार्टीमा लागिरहनुभएको छ तर जिम्मेवारीवोध र उत्तरदायी भने देखिनुहुन्न', एक केन्द्रीय सदस्यले भने, 'उहाँ (मनाङे) लाई मन्त्री बनाउनै पर्छ भनेर अध्यक्ष नेपालले दबाबै दिनुभएको भने छैन र मुख्यमन्त्रीलाई बनाउनै पर्छ भन्ने बाध्यता पनि छैन ।'

गण्डकीको नीति तथा योजना आयोगको सदस्यमा एकीकृत समाजवादीबाट अञ्चला चौधरी सदस्य छिन् ।

यसै पनि मुख्यमन्त्री पाण्डे सहज बहुमतका साथ सरकारको नेतृत्वमा छन् । अहिलेकै अधिकांश मन्त्रीको कार्यसम्पादनबाट सन्तुष्ट नरहेका पाण्डे फेरि मनाङेलाई मन्त्री बनाएर आलोचित हुने पक्षमा नरहेको उनीनिकट स्रोतले बतायो । मनाङे अघिल्लो कार्यकाल र अहिलेसमेत आफ्नै व्यवहारका कारण आलोचित र चर्चामा आउने पात्र हुन् ।

एकीकृत समाजवादीले केन्द्रीय सदस्य मनोनित गर्दा सामाजिक सञ्जालमा लेखेरै अस्वीकार गरेको बताएका मनाङेलाई पार्टीभित्र थुम्थुम्याउनका लागि पनि नेपालले मन्त्री बनाउनुपर्ने अभिव्यक्ति दिएको उनकै पार्टीका नेताहरु बताउँछन् ।

अन्य प्रदेशमा मन्त्री रहिरहेको र गण्डकीमा योजना आयोगमा प्रतिनिधित्व भएकाले पनि मनाङेलाई मन्त्री बनाउन कुनै बाध्यता मुख्यमन्त्री पाण्डेलाई नभएको सांसदहरुको भनाइ छ । मुख्यमन्त्री पाण्डेले भने एकीकृत समाजवादीका अध्यक्ष नेपालले कुन प्रसंगमा अभिव्यक्ति दिएको हो आफूलाई जानकारी नभएको प्रतिक्रिया दिए । वैशाख १४ गते सरकार गठन हुँदा र २९ गते विस्तार हुँदा पनि मुख्यमन्त्री पाण्डेलाई मनाङेको व्यवस्थापनभन्दा पार्टीभित्रैको आंकाक्षीलाई मिलाउन सकस परेको थियो ।

कांग्रेसका मन्त्रीहरुको कार्यसम्पादन र प्रस्तुति सन्तोषजनक नरहेको भन्दै ७ सदस्यीय गण्डकीको मन्त्रिपरिषद हेरफेर गर्न अहिले पनि मुख्यमन्त्री पाण्डेलाई दबाब छ । मन्त्रिपरिषदमा कांग्रेसबाट ५, माओवादीबाट २ जनाको सहभागिता छ । *(स्रोतः अनलाइनखबर)*

## नवोदय विद्यालयमा अभिभावक दिवस

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ हेटौंडा-४ मा रहेको नवोदय शिशुसदन माध्यमिक विद्यालयले २८ औं अभिभावक दिवस मनाइएको छ । शनिबार कक्षा २ र ३ का बालबालिकाको अभिभावक भेला भएको थियो ।

विद्यालयका प्राथमिक तहका संयोजक सचिता पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा कक्षा २ र ३ का विद्यार्थीले गायन तथा नृत्य प्रस्तुत गरेका थिए । अन्य कक्षाको अभिभावक दिवस आगामी दिनमा सञ्चालन गरिने विद्यालयले जनाएको छ । कार्यक्रममा विद्यालयका प्रिन्सिपल सकुन्तला जोशीले विद्यालयको गतिविधिको बारेमा भनाइ प्रस्तुत गरेकी थिइन् ।

## चाँदनी टोल विकास संस्थाको भेला

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ हेटौंडा-२, मानसचोकमा रहेको चाँदनी टोल विकास संस्थाको १६ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

साधारणसभामा संस्थाका अध्यक्ष शारदा ढुँगानाले संस्थागत प्रतिवेदन, सचिव गीतादेबी पौडेलले प्रगति प्रतिवेदन र कोषाध्यक्ष सृजना पण्डितको तर्फबाट आर्थिक प्रतिवेदन अध्यक्ष ढुँगानाले पेश गरेका थिए । साधारणसभा हेटौंडा-२ का वडासदस्य ईन्द्रप्रसाद रिजालको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रममा हेटौडा उपमहानगरपालिका सामाजिक विकास महाशाखाप्रमुख भीमप्रसाद तिमल्सिना, टोल विकास संस्था नगर समन्वय समिति सचिव राजेन्द्र चौलागाई, वडा समन्वय समिति अध्यक्ष मनिषा घले, नगर समन्वय समिति भुगोल ईन्चार्ज राजदेव बानियाँ, सिद्धिबिनायक टोल विकास संस्था अध्यक्ष गंगा लामा, जलेश्वर मन्दिर ब्यवस्थापन समिति अध्यक्ष मुरारी सुबेदी, सक्षम बाल क्वल अध्यक्ष संमृद्धि पौडेललगायतको आतिथ्यता रहेको थियो ।

वार्षिक साधारणसभामा उत्कृष्ठ बचतकर्तातर्फ अम्बिका पराजुली, उत्कृष्ठ लगानीकर्ता निर्मला पौडेल, टोलविकास संस्थाका सदस्यको छोराछोरीले एसइइ परीक्षामा उत्कृष्ठ जीपीए ल्याउने संमृद्धि पौडेल र संयन्ता शिबाकोटीलाई सम्मानीत गरिएको थियो । टोल विकास संस्थामा ५५ घरधुरी आवद्ध छन् भने ९७ जना बचत सदस्य रहेका छन् ।

## आर्यन र प्रदीपपछि 'पूजार सार्की'मा पल भित्रिए



काठमाडौं/निर्देशक दिनेश राउतको नयाँ फिल्म 'पूजार सार्की'मा अहिलेका तीन स्टार नायकहरु एकसाथ देखिने भएका छन् । आर्यन सिग्देल र प्रदीप खड्कापछि निर्देशक राउतले शनिबार पल शाहसँग सम्झौता गरेका छन् । अहिलेका नायकहरु आ-आफैं भिडिरहेको भन्ने टिप्पणी भैरहेको समयमा यो टिमअपले सकारात्मक सन्देश दिने देखिन्छ । पलले हालै फिल्म 'मायावी'को छायांकन भ्याएका हुन् ।

पलले जेलमुक्त भएपछि नै निर्देशक राउतसँग सहकार्य गर्न खोजेका थिए । त्यसका लागि उनी आफैंले फिल्म निर्देशनको प्रस्ताव दिनेशलाई राखेका थिए । अन्तत: 'पूजार सार्की'मा उनीहरुको सहकार्य जुरेको छ । पल र प्रदीपले भने यसअघि फिल्म 'हुतुतु'मा काम गर्ने चर्चा थियो । तर, यो फिल्म नै बन्न सकेन । अब तीन स्टार नायकलाई एकसाथ पर्दामा हेर्न दर्शकलाई पनि रोचक हुनेछ ।

संगीतकार सुभाष भुषालको निर्माण रहने फिल्मका लेखक विकास सुवेदी हुन् । सुवेदीसँग निर्देशक राउतको यसअघि 'प्रकाश'मा सहकार्य भएको थियो । आगामी माघ पहिलो हप्ताबाट छायांकन सुरु हुन लागेको फिल्मका लागि अभिनेत्रीको टुंगो लाग्न बाँकी छ । एक कम्युनिष्ट व्यक्तिले जातिय समानताको लागि कसरी आफूलाई सार्कीमा बदल्छ भन्ने विषयमा आधारित भएर फिल्म बन्नेछ ।

## एमालेको मध्यपहाडी यात्रामा ओलीपत्नीलाई दोस्रो वरियता



काठमाडौं/बैतडीको झुलाघाटबाट सुरु भएको नेकपा एमालेको मध्य पहाडी संकल्प यात्रा शनिबार बागमती प्रदेशमा प्रवेश गरेको छ ।

शनिबार गोरखामा अन्तक्रिया गरेर अध्यक्ष केपी शर्मा ओली नेतृत्वको टोली धादिङ प्रवेश गरेको छ । शनिबार नै नुवाकोटको बट्टारमा सभा राखिएको छ र साँझ अबेरमात्र ओली त्यहाँ पुग्दैछन् ।

यसअघिका सभाहरुलाई पनि अध्यक्ष ओली आफैंले सम्बोधन गरिरहेका छन् । अरु पदाधिकारी पनि यात्रामै भएपनि अधिकांश सभालाई ओलीले मात्रै सम्बोधन गर्दै आएका छन् ।

सभामा सम्बोधनबाहेक अन्तर्क्रिया, भेटघाट र अवलोकन पनि ओली केन्द्रित चलिरहेको छ । अरू नेताले स्वागत लिने-दिने गरिरहेका छन् ।

बरू यो संकल्प यात्रामा ओलीपछि उनकी पत्नी राधिका शाक्यको आकर्षण देखिएको छ । अरु पदाधिकारीले समेत शाक्यलाई विशेष सम्मान दिएको दृष्य सामाजिक सञ्जालमा राखिएका तस्वीरमा देख्न सकिन्छ ।

शुक्रबार लमजुङको सुन्दरबजारमा आयोजित सभामा राधिका शाक्य गुरुङ पोशाकमा थिइन् । ओली र राधिका सँगै गुरुङ पोशाक लगाएर बसेको तस्वीर एमालेका पदाधिकारीहरुले नै सामाजिक सञ्जालमा राखेका छन् ।

उपाध्यक्ष विष्णुप्रसाद पौडेलले शाक्यलाई 'विशिष्ट अतिथि, अध्यक्ष पत्नी र समाजसेवी' सम्बोधन गरेर तस्वीर पोष्ट गरेका छन् ।

'लमजुङ जिल्लाको सुन्दरबजार नगरपालिका-६ खत्रीठाँटीमा आयोजित जनसभाका विशिष्ट अतिथि, श्रद्धेय अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीज्यूकी जीवन संगिनी, समाजसेवी राधिका शाक्यज्यूले घलेक र मुगाको माला लगाएर गुरुङ समुदायको भेषभूषा र समस्त गुरुङ समुदायप्रति सम्मान व्यक्त गर्नुहुँदै', पौडेलले लेखेका छन् ।

पौडेलकै जस्तो भाषा नलेखे पनि अरु पदाधिकारीहरुले पनि शाक्यको प्रशंसा गरेका छन् । अर्का उपाध्यक्ष सुरेन्द्र पाण्डेले मञ्चको पहिलो लहरमा अध्यक्ष ओलीसँगै राखिएको राधिका शाक्यको कुर्सीमा लेखिएको अक्षर देखिने गरी फेसबुकमा तस्वीर राखेका छन् ।

कुर्सीमा लेखिएको छ, 'श्रद्धेय अध्यक्षज्यूकी धर्मपत्नी समाजसेवी राधिका शाक्य ।' एमालेमा राधिकाको कुनै पदीय जिम्मेवारी नभएकाले समाजसेवी लेखिएको बुझ्न गाह्रो छैन ।

यात्रामा सहभागी एक नेताका अनुसार, संकल्प यात्राको सुरुबाटै राधिका शाक्य विशेष अतिथि रहँदै आएकी छन् । १४ मंसिरमा बैतडीको सदरमुकाम गोठलापानीमा गरिएको सभामा सञ्चालक गोविन्द गिरीले शाक्यलाई विशेष अतिथि सम्बोधन गरेका थिए । त्यसपछि भएका सभाहरुमा ओलीपछिको वरियतामा शाक्यलाई मञ्चमा बोलाउने गरिएको छ ।

शनिबारसम्म गोठलापानी, स्याउले, सिलगढी, मंगलसेन, साफेबगर, राकम, वीरेन्द्रनगर, रिम्ना, रुकुमकोट, वामीटक्सार, कुश्मा र सुन्दरबजारमा सभा भएको छ ।

यी सभाहरुमा शाक्य विशेष अतिथि भएर बस्दा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले तेस्रो नम्बरमा आसनग्रहण गर्दै आएका छन् । एमालेको विधान अनुसार भने वरिष्ठ उपाध्यक्ष पोखरेल दोस्रो वरियताका नेता हुन् ।

केन्द्रीय सदस्य विष्णु रिजाल, यात्रामा राधिका शाक्यलाई कार्यकर्ताले दिएको सम्मानलाई राजनीतिक आँखाले हेर्न नहुने बताउँछन् । 'अध्यक्ष सँगसँगै हुनुहुन्छ, उहाँको सम्मानमा मञ्चमा बोलाउने कुरा मानवीय विषय हो । राजनीतिक रुपमा हेर्नुभएन', रिजाल भन्छन् ।

यात्रामै रहेका एक पदाधिकारी राधिका शाक्यलाई 'फर्स्ट लेडी'को सम्मान दिइएको तर्क गर्छन् । 'अध्यक्षको पत्नीलाई हामीले फर्स्ट लेडीको रुपमा बुझ्नुपर्छ । संसारभर त्यस्तो अभ्यास हुन्छ', उनी भन्छन् । पार्टी बैठक नभएर आमसभा भएकाले राधिका शाक्य विशेष अतिथि हुँदा अरु नेताले अप्ठ्यारो मान्न नहुने उनको तर्क छ । *(स्रोतः अनलाइनखबर)*

## ४ वर्षपछि सौराहामा हात्ती महोत्सवको तयारी



चितवन/कोरोना महामारीका कारण स्थगन गरिएको हात्ती महोत्सव चार वर्षपछि पुन: सुरु गर्न लागिएको छ । सन् २०१८ पछि यस वर्ष हात्ती महोत्सव गर्न लागिएको हो ।

क्षेत्रीय होटल सै सौराहाको आयोजनामा हुने १७औं हात्ती तथा पर्यटन महोत्सवको तयारी गरिएको छ । आगामी पुस १० देखि १४ गतेसम्म अङ्ग्रेजी नयाँ वर्षमा पर्यटक भित्र्याउने उद्देश्यका साथ महोत्सव आयोजना गर्न लागिएको हो ।

हात्ती तथा पर्यटन महोत्सवका संयोजक ओमप्रकाश पाण्डेका अनुसार लामो समयदेखि रोकिएको महोत्सव यसपटकदेखि नयाँ ढङ्गले गर्न लागिएको छ । महोत्सवका लागि सरोकारवालासँग छलफल सुरु गरिएको छ । हात्तीमैत्री गतिविधि मात्रै सञ्चालन गरेर अघिल्ला महोत्सवभन्दा यसपटक फरक बनाउन खोजिएको उनले बताए ।

पहिला गरिँदै आएको छावाको फुटबल, पोलो, हात्ती दौडजस्ता गतिविधिले हात्तीलाई दु:ख हुने गरेको गुनासो बढेपछि यस वर्ष त्यस्ता गतिविधि नगर्ने उनको भनाइ छ ।

यसपटक हात्तीको वनभोज, हात्ती सुन्दरी प्रतियोगिता मात्रै गर्ने योजनामा आयोजक रहेको क्षेत्रीय होटल सैका महासचिव गुणराज थपलियाले बताए । योसँगै डुङ्गा दौड, पर्यटकीय गोष्ठी र सेमिनार गरिनेछ ।

हात्ती महोत्सवको मुख्य आकर्षण भनेको हात्ती सुन्दरी प्रतियोगिता भएको भन्दै उनले हात्तीको सरसफाइ, स्वास्थ्य र सजावटको मूल्यांकन गरी हात्तीलाई सुन्दरीको उपाधि दिइनेछ । महोत्सवमा हात्तीलाई बिदा दिएर एक दिन उसलाई मनपर्ने परिकार खुवाइनेछ ।

यसपटक ३० निजीसहित ४० हात्ती वनभोजमा सहभागी गराइने युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले जानकारी दिए । हात्तीको संरक्षण प्राथमिकतामा राखिएको भन्दै उनले हात्तीको स्याहार, स्वास्थ्य सहितको कार्यक्रम अहिलेको मुख्य आकर्षण हुने बताए ।

यसपटक चित्रसारीको चौरमा महोत्सव गर्न लागिएको हो । यसअघि बाघमारा मध्यवर्ती सामुदायिक वनमा हात्ती महोत्सव हुँदै आएको थियो । चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती सामुदायिक वन र यससँगै बग्ने नदीमा रहेका वन्यजन्तु, चराचुरुङ्गी, जलचर लगायतका अवलोकन गर्ने बर्सेनि सौराहामा स्वदेशी तथा विदेशी पर्यटक आउने गर्दछन् ।

यहाँ आउने पर्यटकलाई नयाँ स्वादको मनोरञ्जन प्रदान गर्न हात्ती महोत्सव गरिँदै आएको सैका पूर्वअध्यक्ष सुमन घिमिरेले बताए । अङ्ग्रेजी नयाँ वर्षको अवसर पारेर आयोजना गरिने महोत्सवले स्वदेशीसँगै विदेशी पर्यटकलाई थप आकर्षित गर्ने उनको भनाइ छ । *(स्रोतः अनलाइनखबर)*

## 'डेसान' निर्देशक मगरले घोषणा गरे 'आलिङ्गन'




काठमाडौं/'डेसान' फेम्ड निर्देशक कमल एक्चै मगरले आफ्नो तेस्रो फिल्म 'आलिङ्गन'को निर्माण घोषणा गरेका छन् । अघिल्लो महिना गोरखा जिल्लाको मनकामना मन्दिरमा स्क्रिप्ट पूजाआजा गरेपछि उनले शनिबार एक थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको घोषणा गरेका हुन् । फिल्म सामाजिक प्रेमकथामा आधारित भएर निर्माण हुने जनाइएको छ । फिल्ममा निर्देशक मगरको कथा लेखन रहेको छ ।

'नेभर से डाई' ट्यागलाइन राखिएको फिल्मको पटकथा तथा संवाद आरुष जंग सारु र निर्देशक मगरले संयुक्त रुपमा लेखेका हुन् । क्रिशाला मगर कार्यकारी निर्माता रहेको फिल्मलाई चक्र बहादुर महर्जनले खिच्नेछ । परफर्मिङ आर्ट क्रियसनको ब्यानरमा बन्न लागेको फिल्ममा अभिनय गर्ने कलाकार र अन्य प्राविधिकको भने टुंगो लाग्न बाँकी नै छ । आलिङ्गनको अर्थ 'अंगालो' भन्ने हुन्छ ।

'डेसान' व्यावसायिक रुपमा असफल भए पनि निर्देशक मगरको कथा भन्ने शैलीको प्रशंसा भएको थियो । उनले केही अवार्ड समेत जितेका थिए । उनको पहिलो निर्देशित फिल्म भने 'शिरफूल' हो । उनले केही म्यूजिक भिडियो, डकुमेन्ट्री तथा सर्ट फिल्म समेत बनाइसकेका छन् । 'डेसान'मा भएका कमी-कमजोरीलाई सुधार गरेर 'आलिङ्गन'लाई स्तरीय फिल्म बनाउने कमलको अठोट छ ।

## विनिता भन्छिन्, 'जम्प'मा क्यारेक्टर निभाउन गाह्रो भयो'

काठमाडौं/यस वर्ष प्रदर्शनमा आएको फिल्म 'हल्कारा'बाट अभिनयमा सम्भावना देखाएकी विनिता थापामगर अभिनीत नयाँ फिल्म 'जम्प' यही मंसिर २९ गतेबाट प्रदर्शन हुने तयारीमा छ । यसमा उनले 'हल्कारा'मा भन्दा फरक चरित्र निर्वाह गरेकी छन् । जसले गर्दा काम गर्न गाह्रो भएको उनको अनुभव छ । फिल्मको चरित्र र आफ्नो पृष्ठभूमि फरक भएकाले धेरै मिहिनेत गर्नुपरेको उनी बताउँछिन् ।

विनिता भन्छिन्, 'त्यसो त कुनै पनि क्यारेक्टर निर्वाह गर्न चुनौतीपूर्ण नै हुन्छ । चरित्रको गहिराइमा गएर काम गर्नुपर्ने हुन्छ । मलाई 'जम्प'मा काम गर्न गाह्रै भएको थियो । किनकि, म त्यो क्यारेक्टरको पृष्ठभूमिको थिइनँ । यसैले युट्युबमा भिडियोहरु हेरेँ । र, त्यस्तै क्षेत्रमा लागेका साथीहरुलाई हेरेर फिल्ममा क्यारेक्टर निभाउने प्रयास गरेको हुँ । त्यो चरित्रमा न्याय गर्न सकेँ कि भन्ने लागेको छ ।'

त्यस्तै, निर्देशक तथा लेखक आशुतोष ध्वज कार्की फिल्म फरक कथ्य शैलीमा बनेको दाबी गर्छन् । फिल्मले दर्शकलाई बाँधेर राख्ने पनि उनको ठोकुवा छ । उनी भन्छन्, 'फिल्मले हलमा बाँधेर राख्छ, यो मेरो ठोकुवा हो । र, निराश बनाउँदैन । फिल्मप्रति ठूलो अपेक्षा राखेर चाहिँ नआउनुहोला, त्यो भएपछि 'इन्जोय' गर्नुहुन्छ ।' फिल्ममा 'सिंक साउन्ड'को प्रयोग भएको पनि कार्कीले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
PrinterShop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# भ्रष्टाचार संस्कारको रुपमा विकास भएकोमा मुख्यमन्त्रीको चिन्ता

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले भ्रष्टाचार संस्कारको रुपमा विकास भएकोमा चिन्ता व्यक्त गर्दै यसको अन्त्य हुनुपर्ने बताएका छन् ।




भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले आयोजना गरेको कार्यक्रममा उनले यस्तो बताएका हुन् । कार्यक्रमका प्रमुख अतिथि मुख्यमन्त्री जम्कट्टेलले नेपालको सन्दर्भमा भ्रष्टाचारको कोणवाट हेर्दा हामी कुन स्थानमा छौं प्रस्ट रहेको औंल्याउँदै भ्रष्टाचार संस्कारको रुपमा विकास हुँदै गएको अहिलेको समयमा भ्रष्टाचार तथा भष्ट्राचारजन्य कार्यको समुल अन्त्य गरिनु पर्ने बताए ।

राणाकालीन समयदेखि हालसम्म विरासतको रुपमा उही परम्परालाइ अगाडि बढाउँदै लगिएको देखिन्छ यसको मुख्य दोष राजनीतिक नेतृत्वको भएको उनले बताए । 'राजनीतिक नेतृत्वले निष्पक्ष, स्वार्थरहित र पारदर्शी रुपमा काम गर्ने हो भने भष्ट्राचार नियन्त्रण हुन्छ' उनले भने 'खबरदारी सबैभन्दा पहिला राजनीतिक नेतृत्वलाइ गर्नुपर्छ ।' भ्रष्टाचार भनेको सरकारमा रहेको वेला हुने र बाहिर भएको वेला नहुने भन्ने कुरा हुन्न यसको गम्भीर समीक्षा गर्न जरुरी रहेको उनले बताए ।

एकको विरुद्व अर्को अख्तियारमा बेनामे निवेदनको आधारमा थुपै मुद्दाहरु रहेका छन् मुख्यमन्त्री जम्कट्टेलले भने 'अख्तियार पनि निष्पक्ष हुनुपर्छ । वर्षौसम्म एउटै निवेदनको समस्यामा अल्झिर हनु भन्दा अख्तियारले उजुरि दर्ता गर्नुअघि नै हो/होइन गम्भिरतापूर्वक लिएर दर्ता गर्नुपर्छ ।' उजुरीकर्ताले उद्देश्य के लिएको छ र परिणाम के आउँछ ? भन्ने कुराप्रति अख्तियारले ध्यान दिनुपर्ने उनले बताए । भ्रष्टाचार निवारणको निम्ति एकले अर्कोलाई दोषी देख्न नहुने सहयोगको भावले काम गर्नुपर्ने उनले बताए । 'मुलुकमा यति धेरै परिवर्तन गर्न सकेका छौं भ्रष्टाचार निवारण गर्न नसक्ने भन्ने हुँदैन' उनले भने ।

हरेक वर्ष डिसेम्वर ९ का दिन भ्रष्टाचारविरुद्दको अन्तर्राष्ट्रिय दिवस मनाउँदै आइएको छ । यसै सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय परिसरमा भएको कार्यक्रम बागमती प्रदेशका प्रमुख सचिव घनश्याम उपाध्यायको सभाध्यक्षता तथा बागमती प्रदेश मुख्यमन्त्री जम्कट्टेलको प्रमुख आतिथ्यता भएको हो ।

आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठ, जिल्ला समन्वय समितका प्रमुख ललित घलान, अख्तियार हेटौडा कार्यालय तथा प्रदेश र जिल्लास्थित कार्यालयका कर्मचारी लगायतको उपस्थितिमा कार्यक्रम भएको हो ।

# नि:शुल्क स्वास्थ्यशिविरमा ५ सयजनाले लिए सेवा



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ रोटरी क्लब अफ मकवानपुरले नि:शुल्क स्वास्थ्यशिविर संचालन गरेको छ । हेटौंडा-६ स्थित वंशगोपाल माध्यमिक विद्यालयमा शनिबार नि:शुल्क स्वास्थ्य शिविर संचालन गरेको हो ।

रोटरी क्लब अफ मकवानपुरको अध्यक्ष अन्जनीकुमार पराजुलीको सभाअध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा- ६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता रहेको थियो । निको अस्पतालको प्राविधिक सहयोगमा सञ्चालन गरिएको शिविरमा ६ जना स्वास्थ्यकर्मीको टिमले ५०० जना बिरामीको स्वास्थ्य परीक्षण गरेको थियो । हेटौंडा उपमहानगरपालिका- ६ को आर्थिक सहयोगमा भएको स्वास्थ्य शिविरमा रोट्र्याक्ट क्लब अफ मकवानपुर र सिटिजन बैंकको सहयोग रहेको थियो ।

जसमा सामान्य चिकित्सा, नाक, कान, घाँटी, जनरल सर्जरी, नसा तथा हाडजोर्नी, दाँतसम्बन्धी रोगको साथै मधुमेहको नि:शुल्क रक्तपरीक्षण गरिएको पराजुलीले जानकारी दिए । परीक्षणको क्रममा स्वास्थ्य समस्या देखिएका व्यक्तिलाई निको अस्पतालमा उपचारका लागि रिफर गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि वडाअध्यक्ष दाहालले रोटरीसँग सहकार्य गरी वडावासीलाइ स्वास्थ्यसेवा दिन पाएकोमा खुसी व्यक्त गर्दै रोटरी क्लबलाई धन्यवाद दिएका थिए ।

मुख्यगरी शिक्षा, स्वास्थ्य र खानेपानी रोटरी क्लबको कार्यआयोजना अन्तर्गत अग्रस्थानमा रहेको र क्लबको वार्षिक कार्ययोजना अनुसार स्वास्थ्य कार्यक्रम लगायत विभिन्न सामाजिक काम गर्ने गरी वार्षिक योजनाका रुपमा काम गर्दै आएको क्लबका अध्यक्ष पराजुलीले बताए ।

कार्यक्रममा वंशगोपाल माध्यमिक विद्यालयका प्रधानाध्यापक रमेशप्रसाद लामिछाने, विद्यालय ब्यवस्थापन समिति अध्यक्ष श्यामप्रसाद श्रेष्ठ, वडाप्रहरी, १३ वटा टोलविकास समितिका प्रतिनिधिहरु, वडासचिव आमोदप्रसाद मैनाली, रोटरी क्लब र रोट्र्याक्ट क्लबका पूर्वअध्यक्ष, सदस्यलगायतको उपस्थिति थियो ।

# वंशगोपाल सहकारीले मनायो १५ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ हेटौंडा-१८ हर्नामाडीमा रहेको वंशगोपाल बचत तथा ऋण सहकारी संस्थाले शनिबार आफ्नो १५ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ ।




साधरणसभाको उद्घाटन जिल्ला समन्वय समिति मकवानपुरकी सदस्य बिष्णुमाया थपलिया र जेष्ठ सदस्य रत्नबहादुर दुरैलीले संयुक्त रुपमा गरे । कार्यक्रममा बोल्दै प्रमुख अतिथि थपलियाले यस सहकारी हालसम्म पारदर्शितामा चलिरहेकाले ढुक्क भएर बचत तथा ऋण कारोबार गर्न सहज भएको बताइन् । उनले आगामी दिनमा यसैगरी कारोबारलाई निरन्तरता दिन पनि सुझाब दिइन् । कार्यक्रममा अध्यक्ष अरुणकुमार खतिवडाले अध्यक्षको प्रतिबेदन प्रस्तुत गरे ।

अध्यक्ष खतिवडाले आगामी दिनमा सहकारी वित्तीय कार्यक्रमलाई जोड दिदै सदस्यहरुको ऐच्छिक बचत मजबुत पारिने र दैनिक बचतलाई बिस्तार गर्दै लगिने योजना रहेको सुनाए । यसैगरी सहकारीका कोषाध्यक्ष इमानबहादुर थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गरे । सहकारीले आर्थिक बर्ष २०७९/८० मा ८२ लाख ३९ हजार ३८९ रुपैयाँ नाफा भएको जानकारी दिए । सहकारीको कुल शेयर रकम ५१ लाख ९९ हजार ६००, कुल बचत रकम ५ करोड ९७ लाख ४६ हजार ९६०, कुल कर्जा लगानी ५ करोड ८३ लाख ९ हजार ५०४ र कुल मौज्दात १ करोड ७७ लाख ९ हजार ८०५ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

सचिव बरुणकुमार खतिवडाले सचिवको प्रतिवेदन प्रस्तुत गर्दै सहकारीले गरेका गतिविधिबारे प्रस्ट्याए । यस आर्थिक बर्षमा ४१ जना सदस्य वृद्धि भई कुल १ हजार ८६ जना शेयर सदस्य कायम भएको, ४ जना सेयर सदस्यका परिवारलाई मृतक राहतकोष वितरण, १६ जना सदस्यलाई सुत्केरी स्याहार खर्च वितरण गरिएको सचिव खतिवडाले जानकारी दिए । सहकारीले आ.व. २०८०/८१ का लागि नयाँ कार्यक्रम थप्दै र पुराना कार्यक्रमलाई निरन्तरता दिने जनाइएको छ ।

प्रत्येक सेयर सदस्यको सेयर १५ हजार रुपैयाँ पुऱ्याउने र ऋण लिँदा प्रति दुई हजारमा एक कित्ता सेयर अनिवार्य थप गर्दै लैजाने जनाएको छ । सेयर सदस्य संख्या १४ सय पुऱ्याउने सहकारीको लक्ष्य रहेको प्रतिवेदनमा उल्लेख छ । आर्थिक मन्दीलाई ध्यानमा राख्दै सेयर बचत अनुपात अनुसार कर्जा प्रवाह ८ लाख रुपैयाँसम्म गरिने जानकारी दिइएको छ । सहकारीले नयाँ सेयर सदस्यका लागि दुई हजार रुपैयाँमै सदस्य बन्न सकिने प्रस्ताव गरेको छ । जसमा १० कित्ता सेयर खरिद गर्दा एक हजार, प्रवेश शुल्क एक सय, राहत कोष पाँच सय र मासिक बचत चार सय गरेर कुल दुई हजार रुपैयाँमा नयाँ सेयर सदस्य बन्न सकिने प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा ऋण उपसमितिका संयोजक माधवनारायण तुलाधरले ऋण उपसमितिको प्रतिवेदन र लेखा समिति संयोजक कपिलप्रसाद पराजुलीले आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरे । साधारणसभाका अवसरमा उत्कृष्ट बचतकर्तातर्फ बुद्धिबहादुर आले र असल ऋणीतर्फ संगीता पौडेललाई सम्मान गरिएको थियो । सामुदायिक विद्यालयतर्फ जिपिए ३.६५ अंक ल्याउने ज्योति माविकी छात्रा पवित्रा तिमल्सिना र संस्थागत विद्यालयतर्फ ३.९० अंक ल्याउने तासिर बोर्डिङ स्कुलका मणिराज बराललाई सम्मान गरिएको थियो ।

कार्यक्रममा ज्योति माविका विद्यालय ब्यवस्थापन समिति अध्यक्ष एबम् हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क रम्तेल, ज्योति सामुदायिक बन उपभोक्ता समितिका अध्यक्ष रामबाबु खतिवडा, सहकारीका सल्लाहकार केशब पण्डित, सेयर सदस्यका तर्फबाट तुलसी गिरीलगायतले आफ्नो भनाइ राखेका थिए ।

# बचत तथा ऋण संघ मकवानपुरमा पुन: श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको १८ औं वार्षिक साधारणसभा तथा सातौं निर्वाचन कार्यक्रम सम्पन्न भएको छ । साधारणसभाले आगामी चार वर्षको लागि अध्यक्ष पदमा कल्पना श्रेष्ठलाई पुन:निर्वाचित गरेको छ ।



निर्वाचन समितिका संयोजक अधिवक्ता मदनकुमार दाहालका अनुसार श्रेष्ठले ७९ मत प्राप्त गरी अध्यक्षमा निर्वाचित भएकी हुन् । उनका प्रतिद्वन्द्वी राजु गौतमले ३९ मत प्राप्त गरेका थिए । यसैगरी उपाध्यक्षमा मीनाकुमारी चौरेल विजयी भएकी छिन् । उनले ८२ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी सीतादेवी भेटवालले ३५ मत प्राप्त गरिन् ।

सचिवमा वीरेन्द्रप्रसाद ढुँगानाले ७५ प्राप्त गरी विजयी भए । ढुँगानाका प्रतिद्वन्द्वी हरिप्रसाद पौडेलले ४३ मत प्राप्त गरे । सहसचिवमा विजयबहादुर बस्नेत विजयी भएका छन् । उनले ६८ मत प्राप्त गर्दा चुडामणि रुपाखेतीले ४४ मत प्राप्त गरे । यसैगरी कोषाध्यक्षमा विष्णुमाया लामा निर्वाचित भएकी छिन् । उनले ८० मत प्राप्त गर्दा ध्रुवप्रसाद देवकोटाले ३८ मत प्राप्त गरे ।

उत्तरपूर्वी क्षेत्रसदस्यमा शर्मिला महत र पूर्वीक्षेत्र सदस्यमा सीताराम दाहाल सर्वसम्मत चयन भए । उत्तरीक्षेत्र सदस्यपदमा फणिन्द्रनाथ सुवेदी ७४ मतले विजयी भए । उनका प्रतिद्वन्दी सहदेव ढकालले ३८ मत प्राप्त गरे । पश्चिमी क्षेत्र सदस्यमा शंकरप्रसाद कालाखेतीले ७६ मत प्राप्त गरी विजयी भए भने राममाया नगरकोटीले ३० मत प्राप्त गरिन् । यसैगरी ४ जना खुल्ला सदस्यमा हिमाल पौडेल ७७ मत, जुना दंगाल ६९ मत, जानकी चौधरी ६३ मत, यशोदा पराजुलीले ६१ मत प्राप्त गरी विजयी भए ।

सदस्यका प्रत्यासीहरु रामहरि तिमल्सिना ४५ मत, जानुका दवाडी ३४ मत, मिनु अग्रवालले ३३ मत, हरिमाया ढकाल अधिकारी ३० मत, रामकेदार बस्नेत १५ मत र योगनाथ दंगालले १३ मत प्राप्त गरेका थिए । संघको लेखा समिति संयोजकमा मीठाराम दाहालले ६७ मत प्राप्त गरी विजयी भए । उनका प्रतिद्वन्द्वी श्रमिक लामाले ४३ मत प्राप्त गरिन् । यसैगरी २ जना लेखासमिति सदस्यमा सचिता भट्टराईले ७३ मत र कृष्ण विडारीले ५१ मत प्राप्त गरी विजयी भए भने श्रीराम दाहालले ४९ मत र सुशान्त तिमल्सिनाले ३५ मत र प्राप्त गरेका थिए ।

# मकवानपुरको फाखेल जोड्ने सडक निर्माणको माग



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ कीर्तिपुरस्थित पुष्पलाल पार्कदेखि मकवानपुरको फाखेल जोड्ने सडक निर्माणको माग भएको छ ।

शुक्रबार नेकपा (माओवादी केन्द्र)को केन्द्रीय सदस्य सूर्य सुवेदीको नेतृत्वमा गएको एक समूहले पुष्पलाल पार्कदेखि मकवानपुरको फाखेल जोड्ने सडक निर्माणको माग गरेको हो । त्यसैगरी पुष्पलाल पार्कदेखि चम्पादेवी मन्दिरसम्म जाने केबुलकार निर्माणसहित विभिन्न २४ बुँदे माग राखेको हो ।

माग सुनवाइ गर्दै कीर्तिपुर नगरपालिका-४ का कार्यवाहक वडाअध्यक्ष दिनेशचन्द दाहालले ती मागप्रति सकारात्मक रहेको बताए । उनले माग सम्बोधनका लागि सम्बद्ध पक्षसँग छलफल गर्ने प्रतिबद्धता व्यक्त गरे । नेकपा (माओवादी केन्द्र) का वडाकमिटीका अध्यक्ष राकेश बुढाथोकी र सचिव राकेश विष्टको हस्ताक्षर रहेको ज्ञापनपत्रमा वडामा रहेका स्वास्थ्यचौकीलाई अस्पतालमा स्तरोन्नति, विद्यालयको शैक्षिक गुणस्तर बढाउन माग गरिएको छ । यो क्षेत्रका सडक सञ्जाललाई कालोपत्रे, कृषि पेसाको व्यवसायीकरणको सवाललाई समेत मागमा समेटिएको छ ।

# बसामाडीको जेसीज सप्ताह सम्पन्न, संचारकर्मी केसी सम्मानीत

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ बसामाडी जेसीजको जेसीज सप्ताह समापन गरिएको छ । चार दिनमा विविध सातवटा कार्यक्रम सम्पन्न गरी शनिबार जेसीज सप्ताहको समापन गरिएको हो ।

समापन कार्यक्रममा पूर्वराष्ट्रियसभा सदस्य रामनारायण बिडारीको प्रमुख आतिथ्यता रहेको थियो । प्रमुख अतिथि बिडारीले युवाले राजनीतिक आन्दोलन र त्यसबाट प्राप्त उपलब्धिको विषयमा जानकारी राख्नु पर्ने बताए । उनले युवाहरु स्वदेशमै उद्यमशील बन्नुपर्नेमा जोड दिए ।

बसामाडी जेसीजका अध्यक्ष जनक भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष एवम् बसामाडी जेसीजका पूर्वअध्यक्ष सरोजराज अधिकारी, राष्ट्रिय उपाध्यक्ष भीमबहादुर कुंवर, हेटौंडा जेसीजका अध्यक्ष श्रवणकुमार बर्तौला, लेडी जेसीज अध्यक्ष दिलु घर्ती, बस्तीपुर जेसीजका अध्यक्ष प्रेमबहादुर गोङ्बा, प्रस्तावित चैनपुर जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारी, बसामाडी जेसीजका पूर्वअध्यक्ष अनिल अग्रवाल, जेसीज सप्ताह मूल कार्यक्रम संयोजक उद्धवराज कठायत, सहमूल कार्यक्रम संयोजक जेपी यादव लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

समापन एवम् पुरस्कार बितरण कार्यक्रम संयोजक बुद्धराज अर्यालको संयोजकत्वमा भएको कार्यक्रममा सन्चारकर्मी राजकुमार केसीलाई कदरपत्रले सम्मान गरिएको थियो । समाचारमाध्यमबाट जेसीजका गतिविधि प्रचारप्रसार गर्न सहयोग गरेको भन्दै केसीलाई सम्मान गरिएको हो । कार्यक्रममा जेसीज सप्ताह कार्यक्रममा उत्कृष्ट भएका प्रतियोगी, कार्यक्रम संयोजकहरु, सहयोगी संघसंस्था र ब्यक्तिहरुलाई समेत पुरस्कार बितरणका साथै सम्मान गरिएको थियो ।

# किवानिज क्लब हेटौंडाको पद हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/१८ वर्षमुनीका बालबालिकाको क्षेत्रमा काम गरिरहेको अन्तराष्ट्रिय संस्था किवानिज क्लब हेटौंडाको सन २०२३/२४ का लागि पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

किवानिज क्लब हेटौंडाका संस्थापक अध्यक्ष ज्यातिरत्न बज्राचार्यको सभाध्यक्षतामा भएको कार्यक्रममा सन २०२३/२४ का लागि नवनिर्वाचित अध्यक्ष लाई पद हस्तान्तरण गरिएको हो ।

किवानिज क्लब नेपालका अध्यक्ष तीर्थकुमार सिंहको प्रमुख आतिथ्यमा पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको हो । हरेक महिनाको अक्टोवरबाट नेतृत्व परिवर्तन गर्ने यो क्लबको विधान रहेको छ । कार्यक्रममा हेटौंडा उपमहानगरका प्रवक्ता एबम् हेटौंडा-१ का वडाअध्यक्ष सबिन न्यौपाने, किवानिज क्लब नेपालका सचिव युवराज न्यौपाने, कोषाध्यक्ष शिबबहादुर काफ्ले, दिपक पौडेल, सशस्त्र प्रहरीबल हलचोकका प्रहरी उपरीक्षक शैलेश श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

# रक्षादेवी टोल विकास संस्थाको भेला



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ हेटौंडा-६, चौघडामा रहेको रक्षादेवी टोल विकास संस्थाको चौथो वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

साधारणसभामा संस्थाका अध्यक्ष रमेशकुमार बानियाँले संस्थागत प्रतिवेदन, सचिव राजकुमार फुयाँलले प्रगति प्रतिवेदन र कोषाध्यक्ष विजयकुमार हुमागाईले आर्थिक प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा ज्येष्ठ सदस्य हीरामणि श्रेष्ठ, दीर्घमणि भट्टराई र सरसफाईमा दिलबहादुर कामीलाई सम्मानित गरिएको थियो । हेटौंडा-६ का वडाअध्यक्ष विष्णु बहादुर दाहालको प्रमुख आतिथ्यता एवम संस्थाका अध्यक्ष बानियाँको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

साधारणसभामा हेटौडा-६ का वडासदस्य विजय पौडेल, लेखराज ढकाल, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, हेटौडा उपमहानगरपालिका सामाजिक विकास महाशाखाप्रमुख भीमप्रसाद तिमल्सिना, टोल विकास संस्था नगर समन्वय समिति उपाध्यक्ष विष्णुप्रसाद ढुङ्गाना, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, शान्तिटोल टोल विकास संस्था अध्यक्ष केशव धिताल, नवप्रभात टोल विकास संस्था अध्यक्ष सम्झना सापकोटा, जनकल्याण सहकारीका कोषाध्यक्ष चेतनाथ खतिवडा, संस्थाका सल्लाहकार शम्भुबहादुर रिमाल, सञ्चारकर्मी भीमसेन पौडेललगायतको आतिथ्यता रहेको थियो । टोल विकास संस्थामा ८७ घरधुरी आवद्ध छन् ।

# दोलखा महोत्सव पुस १३ देखि २२ सम्म

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ आगामी पुस १३ देखि २२ सम्म हुन लागेको दोलखा महोत्सवको तयारी सुरु भएको छ । सदरमुकाम चरिकोटस्थित टुँडिखेलमा आगामी पुस १३ देखि २२ गतेसम्म १० दिने बृहत दोलखा महोत्सव २०८० को तयारी सुरु भएको हो ।

दोलखा उद्योग वाणिज्य संघको आयोजनामा हुने महोत्सवले आन्तरिक उत्पादनको प्रवर्द्धनका साथै जिल्लाको सुस्ताउँदो व्यापार व्यवसायलाई थप चलायमान बनाउने अपेक्षा गरिएको छ । महोत्सवको स्टल बुकिङ धमाधम भैरहेको दोलखा उद्योग बाणिज्य संघका अध्यक्ष ईन्द्र श्रेष्ठले जानकारी दिए ।

महोत्सवमा १५० स्टल राख्ने लक्ष्य लिइएकोमा हालसम्म करिब २५ वटा स्टल बुकिङ भैसकेको दोलखा उद्योग बाणिज्य संघका महासचिव सुरेश उप्रेतीले जानकारी दिए । स्थानीय उत्पादनलाई प्राथमिकता दिने उद्धेश्यले स्थानीय उद्यमिलाई ४० वटा स्टल छुट्याइएको छ । महोत्सवको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गर्ने तयारी भएको छ ।

अंग्रेजी नयाँ वर्षलाई लक्षित गरी धेरै भन्दा धेरै आन्तरिक तथा बाह्य पर्यटक जिल्ला भित्राउने उद्धेश्यले महोत्सवको आयोजना गरिएको दोलखा उवासंघले जनाएको छ । महोत्सव चलिरहँदा चरिकोटको सातदोवाटोदेखि बीचबजारसम्म स्ट्रिट फुड फेस्टिबल समेत आयोजना गरिनेछ । जिल्लाको कृषि, उद्यमको प्रबर्द्धन र आन्तरिक तथा बाह्य पर्यटकको प्रबर्द्धनका लागि महोत्सवको आयोजना गरिएको संघका अध्यक्ष श्रेष्ठले बताए ।

जिल्लाको व्यापार, व्यवसाय र बजारलाई चलायमान बनाउनुका साथै जिल्लाका स्थानीय उत्पादनको प्रदर्शन गरी प्रचारप्रसार तथा बिक्री वितरण गरिने, धार्मिक तथा पर्यटकीय स्थलको प्रवर्द्धन गर्ने महोत्सवको मुख्य उदेश्य रहेको अध्यक्ष श्रेष्ठको भनाई छ ।

# मोर्डन युथको नेतृत्वमा पुन: उप्रेती

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ मोर्डन युथ क्लब मकरीको अध्यक्षमा पुन: विशाल उप्रेती निर्वाचित भएका छन् । शनिबार भएको क्लबको ७ औं साधारणभेलाले उप्रेतीको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत रुपमा निर्वाचित गरेको गरेको हो ।



क्लबको उपाध्यक्षमा डिवि अर्याल, सचिवमा रामगोपाल पराजुली, कोषाध्यक्षमा श्यामप्रसाद न्यौपाने निर्वाचित भएका छन् । त्यसैगरी सदस्यहरुमा रविन सुबेदी, प्रकाश बर्तौला, लक्ष्मण बर्तौला र नितुमाया थिङ निर्वाचित भएका छन् । साथै क्लबको सल्लाहकारमा गणेशप्रसाद बर्तौला, सरोज गुरागाई, भोलानारायण तिमल्सिना, रामकुमार उप्रेती र राममणि न्यौपाने चएन भएका छन् ।

क्लबका अध्यक्ष विशाल उप्रेतीको सभाध्यक्षतामा भएको भेलामा श्रीकृष्ण अधिकारीको प्रमुख आतिथ्यता, गणेश बर्तौला र सरोज गुरागाईं, श्यामप्रसाद न्यौपाने, सूर्यबहादुर पराजुली, रामकुमार उप्रेती लगायतको आतिथ्यता रहेको थियो ।

जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार/ सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ।

| बैंकको नाम | खाता नं (चल्ती खाता) |
|---|---|
| राष्ट्रिय वाणिज्य बैक, पुतलीसडक | ११३०१००००३७६२००१ |
| कृषि विकास बैंक, रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| नेपाल बैक लिमिटेड, काठमाडौं | ००२००१००५१००३९००००००१ |
| एभरेष्ट बैंक लिमिटेड,नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्टान्डर्ड चार्टड बैंक नेपाल लिमिटेड, लाजिम्पाट | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड, बानेश्वर | ००४०१०१००००००५७ |
| हिमालयन बैंक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| नाबिल बैंक लिमिटेड, दरबारमार्ग | १७१००१७५०५२८५ |
| हिमालयन बैंक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना